प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष-१७ ।। अङ्क : ३२६ ॥ २०८२ माघ १५ गते बिहिबार (29th Jan 2026 Thursday) — Pratidin National Daily — मूल्य-रु.५/-

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।
- निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

# झापा ३ मा लिङ्देनले एक्लै चुनाव कसरी जित्छन् ?



झापा, माघ १४ । नेकपा एमालेको मतको सहायतामा लगातार दुईपटक झापा ३ मा संसदीय चुनाव जितेर उपप्रधानमन्त्रीसमेत भएका राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले यस पटक एक्लैले चुनाव जित्दै ह्याट्रिक बनाउने हल्ला छ । पार्टीका नेता कार्यकर्ताहरुले आफ्ना उम्मेदवारको बारेमा त्यस्तो हल्ला फिजाएपनि वास्तवमा लिङ्देनले एक्लैले चुनाव कसरी जित्छन् ? अघिल्लो निर्वाचन २०७९ मा राप्रपाले झापा ३ मा ल्याएको पार्टीको समानुपातिक मतले मात्र त्यो संभव नदेखिने विश्लेषण गरिएको छ । अघिल्लो निर्वाचनमा एमाले र राप्रपाको मत जोडेर लिङ्देनले ४० हजार ६४८ मतसहित आफ्ना निकटतम् प्रतिद्वन्द्वी कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई पराजित गरेका थिए । सिटौलाले ३७ हजार ३७२ मत ल्याएका थिए । लिङ्देनलाई एमालेको साथ थियो भने सिटौलालाई सत्ता गठबन्धनका दलहरुको । ०७९ मा प्रत्यक्षतर्फ राप्रपाका लिङ्देनले चुनाव जिते पनि समानुपातिकतर्फ भने कांग्रेस पहिलो पार्टी बनेको थियो । त्योबेला कांग्रेसले समानुपातिकतर्फ २५ हजार ५३५, राप्रपाले १९ हजार ७४३ र एमालेले १९ हजार ४६० मत प्राप्त गरेका थिए । ०७९ मा प्रत्यक्षतर्फ तेस्रो मत प्राप्त गरेको रास्वपाले समानुपातिकतर्फ चौथो स्थान अर्थात ७ हजार ८१२ मत प्राप्त गरेको थियो । समानुपातिक मतलाई हेर्दा झापा ३ मा राप्रपा दोस्रो पार्टी हो । राप्रपाभन्दा कांग्रेसको समानुपातिक मत ५ हजार ७९२ बढी थियो । त्यस्तै राप्रपाभन्दा एमालेको समानुपातिक मत मात्र २८३ कम थियो । यस पटकको निर्वाचनमा सबै पार्टीहरुले एक्लाएक्लै उम्मेदवारी दिइरहँदा यदि 'म्याच फिक्सिङ' को षडयन्त्र भएन भने आफ्नै बलबुतामा चुनाव जित्नु पर्ने हुन्छ । विगतको दुईवटा निर्वाचनमा जस्तो 'गज्याङ' नभएर सबै दलको आ-आफ्नो हैसियत छर्लङ्ग हुन्छ ।

२०७४ को तुलनामा २०७९ मा लिङ्देनले ल्याएको मतान्तर घटेको छ। त्योबेलाको निर्वाचनमा लिङ्देनले १३ हजार ४४३ मतान्तरले पुराना प्रतिद्वन्द्वी सिटौलालाई हराएका थिए । त्यसको पाँच वर्षपछि २०७९ मा भएको निर्वाचनमा मतान्तर ३ हजार २७६ मा झरेको हो । २०७४ सालको निर्वाचनमा ४४ हजार ६१४ मतसहित लिङ्देन निर्वाचित हुँदा सिटौलाको पक्षमा ३१ हजार १७१ मत परेको थियो । २०७० सालमा भने सिटौलाले लिङ्देनलाई हराएका थिए ।

झापा- ३ मा चारवटा पालिका छन् । भद्रपुर नगरपालिका, कचनकवल, हल्दिबारी र बाह्रदशी गाउँपालिका तथा बिर्तामोड नगरपालिकाको १० नं वडा उक्त निर्वाचन क्षेत्रमा पर्छ । १ लाख ४० हजार ८५७ मतदाता रहेको झापा- ३ मा ९ हजार ४०० नयाँ मतदाता थपिएका छन् ।

२०७९ सालमा भएको स्थानीय तहको निर्वाचनमा चारवटा पालिकामध्ये कांग्रेसले दुईवटा( भद्रपुर र कचनकवल) जित्दा राप्रपाले हल्दिवारी र एमालेले बाह्रदशी जितेका थिए। २०७४ मा भएको अघिल्लो स्थानीय तहको निर्वाचनमा राप्रपाले दुईवटा पालिका( हल्दिवारी र कचनकवल) जित्दा कांग्रेसले बाह्रदशी र एमालेले भद्रपुर जितेका थिए । यसबाट अघिल्लो स्थानीय तहको निर्वाचनमा भन्दा २०७९ को निर्वाचनमा राप्रपाको जनमत घटेको देखिन्छ ।

२०७९ को प्रतिनिधि सभाको पार्टीगत समानुपातिक मत र सोही वर्ष भएको स्थानीय तहको निर्वाचनमा पाएको सफलतालाई हेर्दा कांग्रेसको संभावना बलियो देखिन्छ । तर, कांग्रेसको आन्तरिक कलहसंगै नयाँ उम्मेदवार राजेन्द्र घिमिरेको भूमिकाले असर गर्न सक्छ ।

अर्कोतर्फ १२ वर्षपछि एक्लै निर्वाचन लडेको एमाले यस पटक उत्साहित देखिएको छ । कार्यकर्ताको उत्साहित मतलाई निर्वाचनको बुथसम्म पुऱ्याउनु पर्ने चुनौती पनि त्यतिकै छ । झापा ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाहले पार्टी अध्यक्ष केपी ओलीलाई कडा टक्कर दिन लागेपछि यसपटक पनि एमालेले झापा ३ मा राप्रपासंग तालमेल गर्नेगरी उम्मेदवार होल्ड गरेको थियो । तर, दुवै पार्टीबीच सहमति नभएपछि अन्ततः एमालेबाट संविधानसभा सदस्य हरिबहादुर राजवंशी उम्मेदवार बनेका छन् ।

कांग्रेस , एमाले र राप्रपाबीच कडा प्रतिष्पर्धा हुने चर्चा चलिरहँदा अहिले चलेको चुनावी लहरका कारण रास्वपाका उम्मेदवार प्रकाश पाठकले पो बाजी मार्छन् कि भन्ने अड्कल पनि गरिएको छ । झापा- ३ मा नेपाली कम्युनिस्ट पार्टीका डिल्लीराम घिमिरे (हिक्मत)सहित १७ जना उम्मेदवार छन् । जसमा अभय राजवंशी र मानप्रकाश संग्रौलाले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

## बिर्तामोडको २ नं वडालाई दुईवटा वडा बनाउने प्रस्ताव

बिर्तामोड, माघ १४ । बिर्तामोड नगरपालिकाको वडा नम्बर २ लाई दुईवटा वडा बनाउने प्रस्ताव गरिएको छ।

नगरपालिकाको दोस्रो नगरसभाको आठौं अधिवेशनको समापन कार्यक्रमअन्तर्गत आयोजित खुलासत्रमा बोल्दै वडा नम्बर २ का वडाध्यक्ष किशोर पौडेलले वडा विभाजनको माग गर्दै विशेष प्रस्ताव प्रस्तुत गरेका हुन् ।वडाध्यक्ष पौडेलले साविक चारपाने गाविसका वडा नम्बर २, ३, ४, ५, ६, ७, ८ र ९ हाल वडा नम्बर २ अन्तर्गत रहेकाले क्षेत्रफल, पूर्वाधार र जनसंख्याको दृष्टिले व्यवस्थापन गर्न कठिन भएको बताए। सोही आधारमा नयाँ वडा गठनको प्रस्ताव अघि सारिएको उनले स्पष्ट पारे ।

उनले साविक वडा नम्बर २, ३, ४ र ५ लाई वडा नम्बर २ तथा साविक वडा नम्बर ६, ७, ८ र ९ लाई वडा नम्बर ११ कायम गर्न प्रस्ताव सभामा प्रस्तुत गरेका हुन् ।

वडाध्यक्ष पौडेलले प्रस्तुत गरेको विशेष प्रस्ताव सभाबाट पारित भएको नगर प्रमुख पवित्रा महतारा प्रसाईले जानकारी दिइन्। उनले उक्त प्रस्ताव प्रक्रियाका लागि सरकारको सम्बन्धित निकायमा पेश गरिने बताइन्।

नगर प्रमुख प्रसाईले नगरपालिका निर्माण गर्दा भौगोलिक अवस्थालाई पर्याप्त ध्यान नदिई सीमाङ्कन गरिएकाले वडा नम्बर २ र वडा नम्बर १० अत्यधिक ठूलो रहेको उल्लेख गरिन्।

## ब्राउनसुगरसहित बिर्तामोडमा दुईजना युवा पक्राउ

झापा, माघ १४ । प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित बिर्तामोडमा दुईजना युवा पक्राउ परेका छन् ।

मंगलवार राति ८.३० बजे बिर्तामोड वडा न. २ त्रिशुल चोकस्थित इन्द्र राजवंशीको घरमा डेरा लिई बस्ने बाह्रदशी वडा न.६घर भएका २५ वर्षीय दिपक कार्की र ३५ वर्षीय मनकुमार राजवंशी पक्राउ परेका हुन् । कार्कीको कोठाभित्र लागूऔषधको कारोबार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा लागूऔषध ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको संयुक्त टोलीले चेकजाँच गर्दा उक्त कोठाभित्र बसिरहेका राजवंशीको साथमाप्लास्टिकबाहेक१ग्राम ७००मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।



दुई थान मोबाइल र मे.१ह.५५६२ न.को अटोसहित कार्की र राजवंशीलाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मोटरसाइकल दुर्घटनामा घाइते गरामनीकी भण्डारीको मृत्यु



झापा, माघ १४ । मोटरसाइकल दुर्घटनामा घाइते झापा बिर्तामोड ७ गरामनीकी कल्पना भण्डारीको मृत्यु भएको छ ।

तीन दिनअघि माघ ११ गते दिउँसो १:३० बजे मेचीनगर ७ नमुना टोलस्थित भित्री सडकखण्डमा काँकरभिट्टाबाट भद्रपुरतर्फ जाँदै गरेको मे ९ प ६३९४ नम्बरको माटरसाइकल र बिपरित दिशाबाट आउँदै गरेको प्र.१-०१-०१७ प ४२६५ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको थियो ।

दुर्घटनामा ६३९४ न.को मोटरसाइकल चालक बिर्तामोड ७ बस्ने ६४ वर्षीय भोजराज भण्डारी सामान्य घाइते भएका थिए भने पछाडि सवार उनकी श्रीमती ५४ वर्षीया कल्पना भण्डारी गंभीर घाइते भएकी थिइन् । टाउको र शरीरमा चोट लागेकी कल्पनालाई बीएण्डसी अस्पताल लगिएको थियो । बुधवार बिहान १० :१५ बजे उपचारको क्रममा उनको मृत्यु भएको हो ।

४२६५ नं.को मोटरसाइकल चालक मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने ४३ वर्षीय युवराज मुखियालाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## बिर्तामोड नगरपालिकाको आठौं अधिवेशन सम्पन्न

झापा, माघ १४ । बिर्तामोड नगरपालिकाको दोस्रो नगरसभाको आठौं अधिवेशन सम्पन्न भएको छ। गत पुष ३० गते सुरु भएको उक्त अधिवेशनले विभिन्न प्रस्तावहरू पारित गर्दै बुधवार समापन भएको हो।

अधिवेशनमा सम्बोधन गर्दै नगर प्रमुख पवित्रा महतारा प्रसाईले सरकारका नियम, परिधि र कानुनभित्र रहेर जनप्रतिनिधिले आफ्नो जिम्मेवारी पूरा गरिरहेको बताइन्। उनले जनताको जीवनस्तर उकास्न सकारात्मक सोचका साथ अघि बढ्न सबै जनप्रतिनिधिलाई आग्रह गर्दै निष्पक्ष रूपमा बजेट विनियोजन गरी काम भइरहेको स्पष्ट पारिन्। त्यसैगरी नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले स्वीकृत तथा सञ्चालनमा रहेका योजनाहरू समयमै सम्पन्न गर्न जनप्रतिनिधिहरूलाई आग्रह गरे। निर्वाचन आचारसंहिताको पालना गर्दै काम गर्नुपर्नेमा जोड दिँदै उनले अझै धेरै काम बाँकी रहेको उल्लेख गरे। यस्तै वडा नम्बर ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाले जनप्रतिनिधि र कर्मचारीहरू एकजुट भएर काम गर्नुपर्ने आवश्यकता औंल्याए।




आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत योजना तथा कार्यक्रमको संशोधन तथा रकमान्तर प्रस्ताव पारित गर्दै अधिवेशन सम्पन्न भएको हो।

### ओलीको गैरजिम्मेवार अभिव्यक्ति

## 'गोली चलाउने आदेश दिएको होइन'

काठमाडौं । नेकपा (एमाले) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले गत भदौ २३ गते भएको दुःखद् घटनामा प्रधानमन्त्रीका हैसियतमा आफूले गोली चलाउने आदेश नदिएको दावी गरेका छन् । उनले संविधानले कुनै पनि प्रधानमन्त्रीलाई नागरिकमाथि गोली चलाउन आदेश दिने अधिकार नदिएको उल्लेख गर्दै आफूले त्यस्तो आदेश कहिल्यै नदिएको भन्दै आफ्नो बचाउ गर्न खोजेका हुन् ।



घटनाबारे सामाजिक सञ्जालमा लेख्दै अध्यक्ष ओलीले घटनापछि तत्काल पूर्व न्यायाधीशको नेतृत्वमा छानबिन आयोग गठन गरिएको बताए । घटनामा ज्यान गुमाएका १९ जना नानी-बाबुहरूप्रति अध्यक्ष ओलीले श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनले उक्त घटना आफ्नो लागि गहिरो पीडाको विषय बनेको बताएका छन् ।सरकारले प्रारम्भमा घुसपैठको सम्भावना देखेर माइतीघरमा प्रदर्शन रोक्ने निर्णय गरे पनि शान्तिपूर्ण सभाका लागि युवाहरूले अनुमति मागेपछि प्रशासनले सहजै अनुमति दिएको अध्यक्ष ओलीको भनाइ छ। माइतीघरमा बिहान सुरु भएको जेन-जी युवाहरूको प्रदर्शन पूर्ण रूपमा शान्तिपूर्ण रहेको र त्यहाँ न गोली चलेको न लाठीचार्ज भएको उनले स्पष्ट पारेका छन्।

❖ बाँकी तेस्रो पृष्ठमा

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

झापा मेचीनगर नगरपालिका वडा नं ७ आयावारी बस्ने म अनोज पराजुलीको २०४०७४६६ सिम्बल नम्बर भएको धुलावारी सेकेन्डरी स्कुलको माइग्रेसन सर्टिफिकेट यही मिति २०८२ माघ ७ गते धुलावारीदेखि बिर्तामोड जाने क्रममा हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मोबाइल नम्बर ९८२०५१८०६२ मा सम्पर्क गरिदिनु हुन सादर अनुरोध गर्दछु ।

**अनोज पराजुली**

**कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड नगरपालिकामा सञ्चालन गरिने मेची आँखा अस्पतालको**

**वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना**

**(प्रकाशित मितिः २०८२ साल माघ १४ गते बुधबार)**

कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड नगरपालिका, वडा नं. ३, सैनिकमोडमा मेची आँखा अस्पताल (संघ) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम ठेगानाः** | श्री मेची आँखा अस्पताल (संघ)<br>बिर्तामोड नगरपालिका, वडा नं. ३, सैनिकमोड |
| **प्रस्तावको व्यहोराः** | झापा जिल्लाको बिर्तामोड नगरपालिका वडा नं. ३ अवस्थित मेची आँखा अस्पताल एक सामुदायिक आँखा अस्पताल हो र पछिल्लो २८ वर्षदेखि (१५ नोभेम्बर १९९६मा स्थापना भएको) विभिन्न आँखा उपचार सेवाहरू प्रदान गर्दै आएको छ । मेची आँखा अस्पताल कूल ७२८८.८६ वर्ग मिटर क्षेत्रफलमा फैलिएको छ, जसको संरचनाको कूल क्षेत्रफल ५५ वर्ग मिटर प्रति शैय्या मानक अनुसार कम्तीमा १३,७५० वर्ग मिटर छ । २०० शैय्या क्षमतासहितको यस अस्पतालमा मुख्यद्वार, पार्किङ क्षेत्र, अस्पताल ब्लक, प्रशासनिक ब्लक, चमेना गृह, आवास क्षेत्र, खेलकुद ब्लक र पार्क रहेका छन् । |
| **प्रभाव पर्ने जिल्ला/न.पा** | झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ३, सैनिकमोड |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मेची आँखा अस्पताल (संघ)<br>बिर्तामोड नगरपालिका वडा नं. ३, झापा जिल्ला, कोशी प्रदेश, नेपाल<br>फोन नं. : ०२३-५३१९९२/५३१९९३<br>ईमेलः mecc@ntc.net.np<br>वेबसाईटः https://meh.org.np/<br>परामर्शदाताको नाम र ठेगाना<br>ग्रीन डिसिजन्स कन्सल्टिङ प्रा.लि., महाराजग |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन डिसिजन्स कन्सल्टिङ प्रा.लि., महाराजगञ्ज, काठमाडौं महानगरपालिका, काठमाडौं जिल्ला, बागमती प्रदेश, नेपाल<br>फोन नं. ९८५६०६७३२८<br>ईमेलः greendecision16@gmail.com |

# कांग्रेसले लोकतन्त्र र समाजवाद जोगाउने–प्रसाई

बिर्तामोड, माघ १४ । नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं-२ का प्रत्यक्षतर्फका उम्मेद्वार सरिता प्रसाईंले राष्ट्रियता, लोकतन्त्र र समाजवाद जोगाउन कांग्रेसले मियोको रुपमा उभिनुपर्ने आवश्यकता औंल्याउँदै संसदमा बहुमतप्राप्त दल बनाउने कार्यमा भूमिका खेल्न कार्यकर्ता र आम मतदातामा अपिल गरेकी छन् ।

नेपाली कांग्रेस अर्जुनधारा नगरपालिका ६ नम्बर वडा समितिको आयोजनामा जिल्ला पार्टी कार्यालयमा सम्पन्न क्रियाशील कार्यकर्ता भेटघाटलाई संबोधन गर्दै नेता प्रसाईंले यस्तो धाराणा राखेकी हुन् ।

नेपालमा अन्तर्राष्ट्रिय हस्तक्षेप बढेकोतर्फ संकेत गर्दै उनले देश अफ्ठ्यारोमा परेको बेला कांग्रेसले नेतृत्व लिएर बचाएको विगतको इतिहास प्रस्तुत गरिन् । उनले अब पनि कांग्रेसले नेतृत्व लिएर मध्यमार्गी बाटोबाट समाधान खोज्नुपर्ने बताइन् । यसका लागि आगामी फागुन-२१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसलाई बनाइदिन पनि उनले आम मतदातालाई आह्वान गरिन् । अधिवेशनताका टिम राजनीति स्वभाविक भएको टिप्पणी गर्दै उनले विशेष महाधिवेशनपछि सबै नेतृत्वहरु एकठाउँमा आइसकेकाले चुनावी गतिविधिमा



एकढिक्का हुन कार्यकर्तालाई आग्रह गरिन् ।

कार्यक्रममा समानुपातिक उम्मेद्वार एवं कांग्रेस केन्द्रीय सदस्य उमा शिवाकोटीले जेनजी पुस्ताले चाहेको परिवर्तनको सम्वोधन पार्टीले गरिसकेको बताउँदै अब कांग्रेसलाई बहुमत दिन आम मतदातामा आग्रह गरिन् ।

संगठनको बल वडा र टोलमा हुने र जरामा पानी हालेमात्रै रुख हरियो-बलियो हुने बताउँदै नेतृ शिवाकोटीले वडा, टोल, भातृ एवं शुभेच्छुक संघसंस्थालाई सक्रिय बनाउन जरुरी रहेको धारणा राखिन् ।

सामाजिक सञ्जालका कतिपय सूचनाहरु विश्वसनीय नहुने बताउँदै उनले झुटो प्रचार आए सबैलाई सचेत गराउन पनि आग्रह गरिन् । निर्वाचनअघि गठबन्धन गर्नुहुँदैन भन्ने कांग्रेसको नीति सबै दलले अनुकरण गरेको बताउँदै उनले पार्टी नेतृत्व बदलेर देश बदल्ने यात्रामा रहेको कांग्रेसलाई बहुमतले विजयी गराउन अपिल गरिन् ।

नेपाली कांग्रेस अर्जुनधारा नगरसमिति वडा नं-६ का सभापति नेत्रप्रसाद विमलीको सभापतित्वमा भएको कार्यक्रमको उद्देश्यमाथि नगर सभापति हेमराज खरेलले प्रकाश पारेका थिए ।

कार्यक्रममा महासमिति सदस्य दिपक तामाङ, महाधिवेशन प्रतिनिधि पाण्डवलाल चौधरी, क्षेत्र नं-२ प्रदेशसभा ख का सभापति किरण श्रेष्ठलगायत क्षेत्रीय प्रतिनिधि एवं क्रियाशील सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहजीकरण टंक भण्डारीले गरेका थिए ।

# बिर्तामोड ४ मा राजवंशी समाजको नयाँ समिति गठन

झापा, माघ १४ । राजवंशी समाज विकास समिति बिर्तामोड ४ को




नयाँ कार्यसमिति गठन भएको छ । राजवंशी समाज विकास समिति बिर्तामोड ४ को बुधवार भएको तेस्रो वडा अधिवेशनले पवन राजवंशीको अध्यक्षतामा १७ सदस्यीय वडा समिति सर्वसम्मत गठन गरेको हो । जसको उपाध्यक्षहरुमा पूर्णिमा राजवंशी र तेजनारायण राजवंशी , सचिव हरिहर राजवंशी , सहसचिव विशिका राजवंशी र कोषाध्यक्षमा रमा राजवंशी चुनिएका छन् । त्यस्तै सदस्यहरुमा प्रेमा राजवंशी , शारदा राजवंशी , रत्ना राजवंशी , हेमलाल राजवंशी , दिपा राजवंशी( कल्पना) , धनसिंह राजवंशी, धनचन्द्र राजवंशी , चन्द्र राजवंशी , रुद्र राजवंशी , दिपा राजवंशी र चनसिंह राजवंशी रहेका छन् । वडा समिति अध्यक्ष सोहनलाल राजवंशीको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रमुख अतिथि केन्द्रीय सचिव लखनलाल राजवंशी रहेका थिए । कार्यक्रममा संविधान सभा सदस्य अमृत राजवंशी , बिर्तामोड नगरपालिकाका कार्यपालिका सदस्य जगतबन्धु राजवंशी , राजवंशी समाज विकास समितिका बिर्तामोड नगर अध्यक्ष सुमन राजवंशी , राजवंशी विकास प्रतिष्ठानका अध्यक्ष सुरेन राजवंशी , सचिव झलकसिंह राजवंशीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# उम्मेदवार उप्रेतीको प्राथमिकता

मेचीनगर । 'श्रम र परिश्रमको सम्मान, कृषि व्यावसायिकता, स्वदेशी वस्तुको उपभोग,उत्पादनको बजारको सुनिश्चितता' आफ्नो पहिलो प्राथमिकता भएको एमालेका तर्फबाट झापा १ मा उम्मेद्वार बनेका रामचन्द्र उप्रेतीले बताएका छन् ।

झापाको निर्वाचन क्षेत्र नम्बर १ का मतदाताहरुसँगको भेटघाटका क्रममा सहकारी अभियन्ता उप्रेतीले हरेक क्षेत्रका मजदुरहरुको श्रमको सम्मान, नेपाल कृषि प्रधान देश भएकाले कृषि व्यावसायिकता, परनिर्भरको अन्त्यका लागि स्वदेशी वस्तुको उपभोग,उत्पादनको बजारको सुनिश्चितता' आजको आवश्यकता भएको औंल्याएका हुन् ।

साना ठूला सबै व्यवसाय र व्यवसायीको सम्मान गर्न सके सुशासन र समृद्धिको अभियान सफल हुने भएकाले अभियानलाई साकार रुप दिनका लागि समेत आफ्नो उम्मेद्वारी भएको स्पष्ट पारेका छन् । यदि १ नम्बर क्षेत्रका मतदाताको अमूल्य मत पाएर विजयी भए मतको कदर गर्दै आफ्नो कारणले यो देश र आम नेपाली जनताको शीर झुक्ने काम कहिले पनि नगर्ने प्रतिवद्धता उम्मेद्वार उप्रेतीले व्यक्त गरेका छन् । निर्वाचनलाई लोकतन्त्रको सुन्दर अभ्यास, जनतालाई जागरुक र सजक गराउने समय , जनताले आफ्नो प्रतिनिधि छान्ने अवसर , इतिहासको सम्झना, वर्तमानको समीक्षा र भविष्यको योजना बनाउने समय, प्रतिनिधि



सक्षम र इमान्दार भएमात्र जनताले चाहेको पूरा हुदै जाने, विधिको शासन लोकतन्त्रको सुन्दर अभ्यास बताउने उम्मेद्वारले आफूलाई सूर्य चिन्हमा मतदान गरि विजयी गराउनु भनेको केवल एमालेले झापाको निर्वाचन क्षेत्र नम्बर १ बाट एकजना सांसद् संख्या बढाउनु मात्र नभएको स्पष्ट पारेका छन् ।भ्रष्टाचारको अन्त्य गर्दै वित्तीय अनुशासन पालना गराउनेसहित देशमा सुशासन कायम गरी यो देश बचाउन, भविष्यका कर्णधार युवाहरूको भविष्य स्वदेशमै छ भन्ने सन्देश दिदैं दक्ष जनशक्ति उत्पादन गरी प्रविधिमैत्री बनाउन, ७७ वटै जिल्ला र सातै प्रदेशका कृषि उत्पादनलाई किसानको आलीदेखि उपभोक्ताको थालीसम्म पुऱ्याउन,कृषिमा गरिएको लगानी डुब्दैंन भन्ने प्रमाणित गर्न,कृषि उत्पादनदेखि एग्रो टुरिजमसम्मको ग्यारेन्टी गर्न, नेपाललाई कृषिमा आत्मनिर्भर बनाउन, कृषि बीमा र बैंकको कर्जाबाट बञ्चित कृषकलाई सहजरूपमा कृषि बीमा र बैंकसम्म पहुँच बढाउनुका साथै बिचौलिया र कमिसनको खेलको अन्त्य गर्न, मुलुकलाई कृषि प्रधान देश भन्ने अनि दाल, चामलदेखि तरकारी समेतका लागि परनिर्भर बन्नु पर्ने अवस्थाको अन्त्य गरि कागजमा सीमित कृषि प्रधान देशलाई व्यवहारमै देखाउन, उपचारका अभावमा बाध्य भएर मृत्यवरण गरिरहेका हरेक नेपालीलाई यसबाट मुक्त गरेर आर्थिक अभावकै कारण भोक र रोगबाट बाँच्न नेपालीलाई नाना र खानासहित उपचारको व्यवस्था गर्न ,आफ्ना अधिकारबाट बञ्चित यो देशका ज्येष्ठ नागरिक, हरेक क्षेत्रका मजदुरसहित सवैको हक, हित अधिकार रक्षाका लागि सतिस सालझै ठिंग उभिन पनि आफू चुनावी मैदानमा उत्रिएको बताएका छन् ।

# बंगलादेश र नेदरल्यान्ड्स विश्वकपमा

काठमाडौँ । बंगलादेश र नेदरल्यान्ड्स महिला ट्वान्टी-२० विश्वकप क्रिकेटमा पुगेका छन् । काठमाडौंमा भइरहेको महिला ट्वान्टी-२० विश्वकप ग्लोबल छनोटमा बुधबार यी दुई टोलीले सुपर सिक्समा आआफ्नो खेल जित्दै विश्वकपमा स्थान पक्का गरेका हुन् ।

शीर्ष वरीयताको बंगलादेशले थाइल्यान्डलाई ३९ रनले र नेदरल्यान्ड्सले डकवर्थ लुइस पद्धतिका आधारमा अमेरिकालाई २१ रनले पराजित गऱ्यो । बंगलादेश लगातार सातौं पटक र नेदरल्यान्ड्स पहिलो पटक महिला ट्वान्टी-२० विश्वकपमा पुगेका हुन् ।

बंगलादेश र नेदरल्यान्ड्सको विजयले ग्लोबल छनोटमा यी दुई टोली शीर्ष चारमा रहने पक्का गरेको हो । महिला ट्वान्टी-२० विश्वकप ग्लोबल छनोटको शीर्ष चारमा रहने टोलीले जुन-जुलाईमा इंग्ल्यान्ड र वेल्समा हुने विश्वकपमा स्थान पाउने प्रावधान रहेको थियो ।

सुपर सिक्सको पहिलो दिनको खेलमा बंगलादेशले माथिल्लो मूलपानीमा निर्धारित २० ओभरमा ८ विकेट गुमाई १ सय ६५ रन बनायो । ओपनर जुएइरिया फर्डोउसले ४५ बलमा ५६ र शोभाना मोस्ट्रीले ४२ बलमा ५९ रन बनाएपछि







बंगलादेशले विशाल स्कोर बनाएको थियो । थाइल्यान्डकी थिपात्चा पुथावोङले ४ ओभरमा २२ रन खर्चेर ३ र ओनिचा कामचोम्फुले ४ ओभरमा २९ रन खर्चेर २ विकेट लिए । ओपनर नथ्थाकन चान्थमले ४१ बलमा ७ चौका प्रहार गरी ४६ रन बनाए पनि थाइल्यान्डले ८ विकेट गुमाई १ सय २६ रनमात्र बनाउन सक्यो । कप्तान नारुइमोल चाइवाइले २८ बलमा ३ चौका प्रहार गरी ३० रन बनाइन् । बंगलादेशकी मरुफा अक्तरले ३ तथा रितु मोनी र शोर्ना अक्तरले २-२ विकेट लिइन् ।

कीर्तिपुरमा भएको खेल वर्षाले प्रभावित रह्यो । पहिला ब्याटिङ गरेको अमेरिकाले ७ विकेट गुमाई १ सय २९ रनमात्र बनाउन सकेको थियो । नेदरल्यान्ड्स १२ ओभरमा २ विकेट गुमाई ९० रनको मजबुत स्थितिमा रहेको समयमा खेल वर्षाले रोकिएको थियो । सो स्थितिमा २१ रनले अगाडि रहेको अवस्थामा नेदरल्यान्ड्स विजयी हुँदै विश्वकपमा पुगेको हो । हिथर सिगर्सले १२ बलमा २८ र फेबे मोल्केनबोइरले ४३ बलमा ४६ रन बनाउँदै नेदरल्यान्ड्सले विजयी दिलाए । महिला एकदिवसीय विश्वकप चार पटक खेलिसकेको नेदरल्यान्ड्सले पहिलो पटक ट्वान्टी-२० विश्वकप खेल्न लागेको हो ।

बंगलादेश र नेदरल्यान्ड्सको सुपर सिक्समा ६-६ अंक छ । समूहचरणबाट ४ अंक बोकेर आएकाले यी दुई टोलीलाई सुपर सिक्सको पहिलो खेलबाट विश्वकपमा पुग्न सजिलो भएको थियो । स्कटल्यान्डको ४ र आयरल्यान्डको २ अंक छ । अमेरिका र थाइल्यान्ड अंकविहीन छन् ।

दिनको अर्को खेलमा स्कटल्यान्डले आयरल्यान्डलाई ३९ रनले पराजित गर्दै विश्वकपको नजिक पुगेको छ । कीर्तिपुरमा पहिला ब्याटिङ गर्दै स्कटल्यान्डले ५ विकेट गुमाई १ सय ६० रन बनायो । जवाफमा आयरल्यान्ड १९.२ ओभरमा १ सय २१ रनमा अलआउट भयो । क्याथ्रिन ब्रिसले ४ ओभरमा २१ रन खर्चेर ४ विकेट लिई प्लेयर अफ द म्याच बनिन् ।


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं ।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।





## ओलीको ...

करिब मध्याह्नतिर केही घुसपैठकारी समूहले प्रदर्शनकारी युवाहरूलाई घेरेर निषेधित क्षेत्रतर्फ लगेको अध्यक्ष ओलीको दाबी छ। आयोजकहरूले पटक-पटक घुसपैठ भएको भन्दै घर फर्किन आग्रह गरे पनि योजनाबद्ध रूपमा बालबालिका तथा विद्यालय पोशाकमा रहेका नानीबाबुलाई अगाडि राखेर संसद भवनतर्फ लगेको उनको भनाइ छ।

अध्यक्ष ओलीका अनुसार संसद भवनअघि आगजनीको प्रयास र विस्फोटक पदार्थ प्रयोग भएपछि अवस्था 'आन्दोलन'को नभई 'राज्यविरुद्धको आक्रमण'को तहमा पुगेको थियो । संसद भवनभित्र सुरक्षा निकायमाथि प्रत्यक्ष आक्रमण भएपछि कानुनअनुसार बल प्रयोग गर्नुपरेको उनले बताएका छन् ।

अध्यक्ष ओलीले लेखेका छन् , "यदि सुरक्षाकर्मीले आफ्ना हतियार खोसिन दिएको भए के हुन्थ्यो ? संसद भवन जलेको भए देशले कस्तो क्षति भोग्नुपर्थ्यो ?" विस्फोटक सामग्रीसहित आएका समूहहरूको उद्देश्य अराजकता फैलाउने रहेको कुरा पछिल्ला घटनाले पुष्टि गरेको अध्यक्ष ओलीको भनाइ छ।

भदौ २४ गते भएको विध्वंशतर्फ संकेत गर्दै उहाँले आफ्नो राजीनामा पछि सिंहदरबार, राष्ट्रपति भवन र सर्वोच्च अदालतजस्ता राष्ट्रिय धरोहरमा आगजनी भएको स्मरण गराएका छन् ।

प्रधानमन्त्रीले विश्वका सबै देशमा प्रमुख संवैधानिक अंगहरूको सुरक्षा कानुनअनुसार हतियारसहित गरिने उल्लेख गर्दै सुरक्षाकर्मीहरूले सरकारको होइन, कानुनको शपथ लिने बताउनुभयो। त्यस दिन पनि गोली सरकारको आदेशमा नचलेको उनको स्पष्टिकरण छ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री बुद्धि दाहालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री बिन्दु गुरुङ्गले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०० ८० | ८८९ | १९०.४६ | २०८२/ ०९ /११ | २०८२/ ०९ /१६ | २०८२/ १०/०८ |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचनको सुरक्षा

**झापामा जेनजी आन्दोलनमा लुटिएका सबै हतियार र फरार थुनुवा प्रहरीको नियन्त्रणमा आएको छैन । यद्यपि प्रहरी प्रशासनले निर्वाचन शान्तिपूर्ण हुने कुरामा विश्वास दिलाउन खोजेको छ ।**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अत्यन्त चासोका साथ हेरिएको झापाको निर्वाचनलाई भयरहित र सुरक्षित बनाउने ठूलो चुनौती छ । तर , जिल्लाको सुरक्षा निकायले निर्वाचन शान्तिपूर्ण हुने दावी गरेको हो ।**

**जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय बिर्तामोड र इलाका प्रहरी कार्यालय दमकबाट १०३ थान हतियार लुटिएको थियो । त्यसमध्ये अरु फिर्ता भएपनि १६ थान हतियार अझै गायव नै छ । त्यस्तै करिव ९ हजार गोली र पाँच दर्जनजति अश्रुग्यास बेपत्ता रहेको छ ।**

**हतियारसंगै जेनजी आन्दोलनका बेला प्रहरी कार्यालयहरुबाट भागेका ३१ जना थुनुवालाई प्रहरीले अझै पक्राउ गर्न सकेको छैन । बिर्तामोड, झिलझिले र दमक प्रहरीको हिरासतबाट भदौ २४ गते ७२ जना थुनुवा फरार भएका थिए । त्यसमध्ये ४१ जना पक्राउ परेको र ३१ जना फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।**

**अर्कोतर्फ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका १२३७ वटा हतियारमध्ये कुनै पनि हतियार प्रहरी प्रशासनमा बुझाइएको छैन। जिल्ला प्रशासन कार्यालयले दुईपटक सूचना जारी गरेपनि हतियारधनीहरुले आफ्ना हतियार प्रहरी प्रशासनमा नबुझाएका हुन् ।**

**वैध र अवैध हतियार , फरार थुनुवा,खुल्ला सिमाना, कडा चुनावी प्रतिष्पर्धा, लागूऔषधको विकराल समस्याजस्ता कारणले झापामा आगामी निर्वाचनलाई शान्तिपूर्ण ढंगले सम्पन्न गर्न ठूलो चुनौती देखिएको हो । यद्यपि प्रहरीले शान्तिपूर्ण हुने दावी गरेको छ ।**

**महिला प्रहरीका रूपमा पहिलो पटक झापा प्रहरीको कमाण्ड सम्हाल्न आएकी प्रहरी उपरीक्षक (एसपी) बसुन्धरा खड्काले आगामी प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गरी सुरक्षा व्यवस्थामा कुनै कसर बाँकी नराखिने बताएकी छन्। मंगलबार दिउँसो जिल्ला प्रहरी कार्यालय झापामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै एसपी खड्काले फागुन २१ गते हुने निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन पहिलाको सुरक्षा योजनालाई परिमार्जन गरी एकीकृत विशेष सुरक्षा योजना तयार गरिएको जानकारी दिइन्। उनका अनुसार संवेदनशील निर्वाचन क्षेत्रलाई प्राथमिकतामा राख्दै उच्च मनोबलका साथ प्रहरी परिचालन गरिनेछ। प्रहरीले उच्च मनोबलले शान्ति सुरक्षा कायम गर्नु पर्छ । प्रहरी एक्लैले निर्वाचनलाई शान्तिपूर्ण बनाउन सक्दैन । यसका लागि सबैले साथ दिनु पर्छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सुशासनयुक्त शासनव्यवस्था



• निर्मलादेवी लामिछाने

सुशासन नागरिकमैत्री एवं नागरिक सन्तुष्ट शासनव्यवस्था हो । सुशासनले नीति, विधि, दायित्व र पारदर्शी प्रक्रियाको अपेक्षा गर्छ । कानुनको शासन र व्यवहारतः कानुन सबैलाई बराबरी हुने व्यवस्था सुशासनको एक आधार हो । सुशासनयुक्त शासन व्यवस्थामा काम गर्ने विधि र प्रक्रिया गोपनीयता कायम गर्न कानुनले तोकेबमोजिम बाहेक क्रिष्टलक्लियर हुन्छ । समावेशी चरित्रको लोकतान्त्रिक पद्धति, सार्वभौमसत्ता सम्पन्न जनता र जनताको सुसूचित हुने हकको प्रत्याभूति हुन्छ । सार्वजनिक सेवा प्रवाह चुस्त र प्रभावकारी एवं जनताले रोजे खोजेबमोजिमको हुन्छ । आर्थिक, भौतिक तथा सामाजिक विकासका गतिविधि सहभागितामूलक र न्यायोचित हुन्छन् । सरकार तथा प्रशासन आफ्नो कार्यप्रक्रियाप्रति उत्तरदायी हुन्छ । उच्च स्तरको राजनीतिक संस्कार र राष्ट्रिय सवालमा दलबिचको साझा सहमति पनि सुशासनको अन्तर्य हो । सरकारका अङ्गबिचको शक्ति पृथकीकरण र सन्तुलनको अभ्यास, लोकतन्त्रको संस्थागत विकास, शान्ति, न्याय र समता एवं सन्तुलित विकास सुशासनको महत्वपूर्ण पक्ष हो । अन्ततः जनता सुखी, खुसी र सन्तुष्ट रहन्छन् ।

सुशासन सर्वत्र अपेक्षा गरिन्छ । सुशासनका लागि आर्थिक स्वच्छता, प्रशासनिक सक्षमता, कार्यप्रक्रियामा पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, कानुनी सर्वोच्चता, नागरिक सहभागिता, आवधिक निर्वाचन, प्रतिनिधिमूलक शासनव्यवस्था, सङ्घ संस्था सार्वजनिक हित संरक्षणमा तल्लिन भएको अवस्था हुनु पर्छ । सुशासनमा नागरिक वैधानिक संस्था वा जनप्रतिनिधिमार्फत आवाज बुलन्द गर्न सक्ने छन् । कानुनी ढाँचा मानव अधिकार र कानुनको अभ्यासमा निष्पक्ष हुने छन् । आमजनताको भलाइकेन्द्रित गर्न सबै वैचारिक पक्षबिच साझा सहमति कायम हुने छ । समाजका सबै वर्ग, लिङ्ग र पक्षसँग आफ्नो हितका लागि अवसर हुने छ । सरकारी, निजी र नागरिक समाजका सङ्घ संस्था सार्वजनिक हितका लागि जवाफदेही हुने छन् । जनताको लागि सूचनामा सहज पहुँच हुने छ । विकासनिर्माण तथा गतिविधिको नागरिक संयन्त्रबाट अनुगमन हुने छ । सार्वजनिक निकाय र ती निकायको कार्यप्रक्रिया सेवाग्राहीलाई सहयोग गर्न उन्मुख हुने छन् । राज्य स्रोतको उच्चतम परिचालन गरी नागरिक माग सम्बोधन गर्न शासन प्रक्रिया केन्द्रित हुने छ ।

सुशासनको अवस्था मापन गर्ने आधार पनि छन् । जस्तै विशेष परिस्थितिमा बाहेक जनताको जनादेश प्राप्त लोकतान्त्रिक सरकार छ वा छैन, सरकारले सेवा प्रवाह प्रभावकारी ढङ्गले गर्न सकेको छ वा छैन ? खुला सरकार, शान्ति शुरक्षाको स्थिति, भ्रष्टाचारको अन्त्य, नागरिकको मौलिक अधिकारको संरक्षण कसरी भइरहेको छ ? देशमा आतङ्कवाद र हिंसा अन्त्य भएको छ वा छैन अवस्था कस्तो छ ? नागरिकको आवाज सरकारले कुन हदसम्म सम्बोधन गरेको छ ? देशमा राजनीतिक स्थिरता छ वा छैन ? नियामक निकायको सेवा गुणस्तर कस्तो रहेको छ ? नीतिगत र सबैखाले भ्रष्टाचारको अवस्था कस्तो छ ? कानुनी सर्वोच्चता तथा कानुनी शासन छ वा छैन ? भन्ने मानकको आधारमा सुशासन मापन गरिन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२४ को प्रतिवेदन अनुसार १८० देशमध्ये भ्रष्टाचार इन्डेक्समा नेपाल १०७ औँ स्थानमा रहेको छ जुन निराशाजनक अवस्था हो । त्यसै गरी सन् २०२४ को बर्ड जस्टिस प्रोजेक्टको प्रतिवेदन अनुसार सरकारको शक्ति संरचना र व्यवधान, भ्रष्टाचार शून्यता, खुला सरकार, शान्ति शुरक्षा, मौलिक अधिकारको संरक्षण, फौजदारी र देवानी न्यायको आधारमा मापन गरिने कानुनी शासनमा नेपाल ६९ औँ स्थानमा छ । यहाँ १ देखि १२० को अन्तरमा मापन हुने विविध सूचकमा नेपालको स्थान विश्लेषण गरिएको छ । सदाचारी नेतृत्व, दूरदृष्टि र रणनीतिक प्राथमिकता, नवप्रवर्तन जस्ता गुणको आधारमा मापन गरिने नेतृत्व र द्रष्टामा नेपालको स्थान ९६ औँ मा पर्छ ।

कानुनको शासन, न्यायको अवस्था एवं नियमन जस्ता सूचकको आधारमा मापन गरिने सुदृढ कानुन र सार्वजनिक नीतिहरूमा नेपालले ८४ औँ स्थान प्राप्त गरेको छ । नीति कार्यान्वयन, तथ्याङ्कीय सक्षमता, सरकार र कर्मचारीतन्त्रको गुणस्तर जस्ता सूचकको आधारमा मापन गरिने सबल सार्वजनिक संस्थामा नेपालको स्थान १०३ रहेको छ । सार्वजनिक ऋण, देशको बजेट, खर्च गर्ने क्षमता, बजार नियमन र लगानीमैत्री वातावरणको आधारमा मापन गरिने वित्तीय स्वामित्वमा ६१ औँ स्थानमा छ । सम्पत्ति अधिकार, लगानी आकर्षण र बजार नियमनको अवस्था आदिको आधारमा मापन गरिने बजारको स्थितिमा नेपालको स्थान ११६ औँ रहेको छ । अन्तर्राष्ट्रिय व्यापार, राष्ट्रिय स्रोत, अर्थनीति र कूटनीति, राहदानीको आधारमा मापन गरिने वैश्विक प्रभाव र प्रतिष्ठामा नेपालको स्थान १११ औँ रहेको छ ।

सुशासन प्रवर्धनका लागि प्राविधिक र व्यवस्थापकीय सक्षमता, सङ्गठनात्मक सुदृढीकरण, नागरिक अनुगमन, मिडिया अभियान, जनताको विकास चक्रमा सहभागिता हुनु पर्छ । शक्तिको सही उपयोग, कानुनको परिपालना, मानव अधिकारको रक्षा, सरकार, निजी क्षेत्र र गैरसरकारी एवं सामाजिक सङ्घ संस्थाको काममा समन्वय र विशिष्टता वर्तमानको आवश्यकता हो । स्वतन्त्र अम्बुड्सम्यान सुशासन प्रवर्धनको आधार हो । प्रतिस्पर्धी बजार र बजार नियमन, नागरिक सशक्तीकरण, अन्तर्राष्ट्रिय कूटनीति, वित्त परिचालनमा कुशलता, सरकारको भूमिका सहजकर्ता, उत्प्रेरक र भिजन क्रिएटर, अनुगमनकर्ता र सहजकर्ताको रूपमा हुनु जरुरी छ ।

सुशासन आमअपेक्षा हो तर यसलाई लोकप्रिय नाराको रूपमा भन्दा यथार्थ धरातलमा उतार्नु परेको छ । जुन एकल प्रयासबाट तत्काल सम्भव नभए पनि रणनीतिक हिसाबले नीति, प्रक्रिया, संयन्त्र र कार्यान्वयनमार्फत सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्रको समन्वयमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन विधिको कार्यान्वयनमार्फत गर्न सकिन्छ ।

तत्कालीन विधि अन्तर्गत सार्वजनिक तथा निजी सबैखाले दायित्वमा रहनेको सदाचार परीक्षण, सम्पत्ति ट्र्याकिङ, खुला सरकार, ३६० डिग्रीको उत्तरदायित्व, अनुगमनमा तीव्रता र अनुगमन एवं भिजिलेन्स र इन्टेलिजेन्सियालाई प्रभावकारी बनाउने विषय पर्छन् । क्षेत्रगत विज्ञको रोस्टर तयार गर्ने, सामाजिक सुशासन जस्ता विषय पनि यसै अन्तर्गत पर्छन् । मध्यकालीन विधि अन्तर्गत ब्युरोक्रेसीको सुदृढीकरणका लागि क्षमता विकास, आचारसंहिता लागु, डिजिटल गभर्नेन्स, इन्नोभेसन सेन्टरको स्थापना, बजेट अनुशासन, मितव्ययी निर्वाचन प्रणाली, नीतिगत र कानुनी सुधार पर्छन् । दीर्घकालीन विधि अन्तर्गत दूरदर्शी नेतृत्व र नीति राजनीतिमा जोड, नियामक निकायको पुनर्संरचना, शिक्षामा सुधार, सार्वजनिक वित्तको प्रभावकारिता र स्वच्छता पर्छन् ।

भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा स्वतन्त्र आयोग गठन गर्न आवश्यक देखिन्छ । इलेक्ट्रोनिक पेमेन्ट तथा डिजिटल भुक्तानीको माध्यमबाट पनि भ्रष्टाचार घटाउन सकिन्छ । विप्रेषण सम्बन्धमा बजारको पुनरवलोकन जस्ता पक्षमा ध्यान दिनु पर्छ । अन्तर्राष्ट्रिय असल अभ्यासलाई आफ्नो मौलिकतामा व्यावहारीकरण गरेर पनि सुशासन प्रवर्धन गर्न सकिन्छ । जस्तै दक्षिण कोरियाको योग्यतामा आधारित सार्वजनिक सेवा, नियमित प्रशासन सुधार र प्रविधिको प्रयोगलाई हाम्रो सन्दर्भमा पनि आत्मसात् गर्न सकिन्छ । हडकङको भ्रष्टाचारविरुद्ध खोज, निरोध र शिक्षाका लागि स्वतन्त्र आयोग, सिङ्गापुरको भ्रष्ट अभ्यास खोज विभाग सिपिआइबी, ब्राजिलको पार्टिसिप्याटरी बजेटिङ मोडेल, भारतको डिजिटल इन्डिया प्रोग्राम, स्टोनेसियाको डिजिटल गभर्नेन्स मोडेल र रुवान्डाको पर्फर्मेन्स बेस्ट गभर्नेन्स र सिटिजन फिडब्याक मेकानिजम आदि केही उदाहरण अनुकरणीय देखिन्छन् । विश्व बैङ्क समूहको सार्वजनिक काममा नवप्रवर्तन हाम्रो सन्दर्भमा असल अभ्यास हुन सक्छ । हाम्रो विचार, चिन्तन, मूल्य, योजना, रणनीति, नीति, कार्यनीति, प्रक्रिया र प्रविधिमा नवीनता तथा नवप्रवर्तन अभ्यास गर्नु वाञ्छनीय देखिन्छ, जुन अनुसन्धानमा आधारित हुनु पर्छ ।

सुशासनको कोर भ्यालुको रूपमा जवाफदेहिता, पारदर्शिता, प्रभावकारी सेवा प्रवाह, नागरिक सर्वोच्चता र नागरिक सशक्तीकरण एवं विधिको शासन रहेको पाइन्छ । जनसहभागितामूलक शासन पद्धति र नागरिकमैत्री विकास सुशासनको जग हो । विकासका गतिविधिलाई न्यायिक वितरण गर्न क्षमता विकास, डिजिटल गभर्नेन्स, सामाजिक अडिट, तीव्र अनुगमन, कार्य प्रक्रियामा सरलीकरण, मूल्यमा आधारित राजनीति, सार्वजनिक सुनुवाइ तथा भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिको प्राथमिकताका साथ कार्यान्वयन गर्नु औचित्यपूर्ण देखिन्छ । सुशासन प्रवर्धन र भ्रष्टाचार न्यूनीकरणको लागि आमसहमति र सर्वपक्षीय कार्यगत एकता आजको आवश्यकता हो । गोपबाट

# ज्येष्ठ नागरिक : कागजमा अधिकार, आँगनमा तिरस्कार



• डा. माधव अधिकारी

विश्वमा प्रत्येक सेकेन्डमा दुई जना ६० वर्षे ज्येष्ठ नागरिकमा प्रवेश गर्छन्। नेपालको सन्दर्भमा पछिल्ला ६ वटा जनगणनाको विश्लेषण गर्दा ज्येष्ठ नागरिकको संख्या बढ्दो क्रममा छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत छ भने ज्येष्ठ नागरिकको जनसंख्या वृद्धिदर ३.१ प्रतिशत देखिन्छ। नेपालको जनसंख्याको १०.२१ प्रतिशत ज्येष्ठ नागरिक छन्। पुरुषको भन्दा महिला ज्येष्ठ नागरिकको संख्या उच्च रहेको छ।

ज्येष्ठ नागरिकमध्ये ६०-७० उमेरसमूह अझै पनि जुधारु किसिमले बौद्धिक एवं श्रममूलक कार्यमा संलग्न भएको प्रशस्तै पाइन्छ। विभिन्न उत्पादनमूलक कार्य संलग्नताका हकमा उहाँहरूको स्वास्थ्य स्थिति, आर्थिक अवस्था र कामको प्रकृति भने फरकफरक छ। नेपालमा नागरिकको अपेक्षित आयु हाल सन् २०२३ को तथ्यांकअनुसार ७१.७४ वर्ष छ। हिमाल पहाडमा बसोबास गर्नेको अपेक्षित आयु बढी छ भने मधेसमा बसोबास गर्ने मानिस लगायतका जातजातिको अपेक्षित आयु हिमाल तथा पहाडको भन्दा कम रहेको अनुसन्धानले देखाएको छ। यसरी मानवको आयुलाई हावापानी, रहनसहन, आर्थिक स्थिति, उपलव्ध स्वास्थ्य सेवा आदिले असर पारेको हुन्छ।

संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूत गरेको छ। दिगो विकास लक्ष्यमा ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षालगायत सुरक्षित, समावेशी र पहुँचयोग्य हरित तथा सार्वजनिक खुल्ला ठाँउहरूमा पहुँच सर्वसुलभ गर्ने विषय समावेश छ। सरकारले ज्येष्ठ नागरिकको संरक्षण, स्याहारसुसार र सुरक्षा गर्न ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ लाई २०७९ मा संशोधित भई लागू भइसकेको अवस्था छ।

पहिले वृद्ध बाआमालाई घरमै सम्मान गरिन्थ्यो। उहाँहरूको उचित पालनपोषण र हेरचाह हुन्थ्यो। अहिले एकल परिवारको चाहना बढ्दै गएको छ। रोजगारीको व्यस्तताले गर्दा मानिसहरू स्वार्थी बनेका छन्। विदेशी संस्कार र बसाइँसराइको प्रभाव बढ्दो छ। कमजोर आर्थिक अवस्थाले समस्या निम्त्याएको छ। नैतिक शिक्षा र जनचेतनाको ठुलो कमी छ। राज्यको कानुनी प्रक्रिया पनि फितलो देखिन्छ। यसले गर्दा ज्येष्ठ नागरिकहरू एक्लिँदै गएका छन्। धेरैले आफ्ना आमाबाबुलाई बेवास्ता गरिरहेका छन्। कतिपयलाई त आधारभूत आवश्यकताबाट पनि वञ्चित गरिन्छ। वृद्धवृद्धाहरू आफ्नै घरबाट निकालिनु दुःखद पक्ष हो।

सिर्जनशील युवा विदेश तथा खाडीमा छन्। गाउँमा ज्येष्ठ नागरिकमात्र छन्। गाउँघरमा बाटो, बत्ती र अन्य भौतिक पूर्वाधार क्रमशः विकास नभएको भने होइन, तैपनि गाउँमा मलामी जाने मान्छेसमेत पाउन कठिन छ। बाबुआमाको लासले सन्तान कुर्नुपर्ने अवस्था छ। राज्यले पनि ज्येष्ठ नागरिकलाई उचित किसिमको आवश्यक व्यवस्था मिलाउने प्रयास नगरेको भने होइन। ज्येष्ठ नागरिकको कानुनी अधिकार तथा विभिन्न संघसंस्था तथा निजीस्तरको प्रयास हेर्दा ज्येष्ठ नागरिकको क्षेत्रमा धेरै कार्य भएको त देखिन्छ।

ज्येष्ठ नागरिकको ऐन, नीति, नियमावलीको प्रभावकारी कार्यान्वयनको पक्ष कमजोर भएको पाइन्छ। हुन त ज्येष्ठ नागरिक ऐन, २०७९ मा रेखदेख, पालनपोषण, ज्येष्ठ नागरिकमाथि अपराध गरे कानुनी व्यवस्था, छोटो दूरीको यातायात, औषधि उपचारमा ५० प्रतिशत छुटको व्यवस्था छ। ७० वर्ष माथिकालाई जटिल रोगको उपचारमा एक लाख छुट, ७५ वर्ष माथिकालाई मिर्गौला र मुटुको रोगको निःशुल्क उपचार, कानुनी सहायता, कसुरमा छुटको व्यवस्था आदि नभएको भने होइन तर माथि उल्लेख गरेजस्तै प्रभावकारी कार्यान्वयनको अवस्था भने जति हुनुपर्ने हो त्यति देखिँदैन।

आमाबाबुलाई हेलाँ गर्ने, वृद्धाश्रम पुऱ्याउने, खान, लगाउन नदिने, औषधोपचारबाट टाढै राख्ने प्रवृत्तिले नेपाली समाजलाई मानवताशून्य बनाएको छ। सम्पत्ति भएका वा नभएका दुवैखाले ज्येष्ठ नागरिक ढल्कँदो उमेरमा केवल पीडाका पात्र बनेको पाइन्छ। सम्पत्ति हुने बाबुआमालाई करकाप गर्ने, छलछाम गर्ने, तर्साउने र जालझेल गरी स्वार्थसिद्ध गर्ने छोराछोरी एकातिर निन्दनीय छन्। सम्पत्ति नभएका बाबुआमाप्रति रत्ति दयाभाव नराख्ने, दुर्व्यवहार गर्ने सन्तान भने घोर कलंकका पात्र बनेका छन्। ज्येष्ठ नागरिक दुर्व्यवहारबाट पीडित छन्।

हाल ७० वर्ष पूरा भएकालाई ज्येष्ठ नागरिकलाई भत्ता दिइएको छ। यो सकारात्मक पक्ष हो। ज्येष्ठ नागरिकको हेरचाह र पालनपोषणलाई सन्तानको बाध्यकारी दायित्व बनाउँदै संघीय संसद्ले ज्येष्ठ नागरिक ऐन संशोधन विधेयक पारित भएको समाचार बाहिर आएको थियो। सोअनुसार ज्येष्ठ नागरिकप्रति सन्तानको दायित्वलाई बाध्यकारी बनाएको छ। सन्तानले दायित्व पूरा नगरेमा पैत्रिक सम्पत्तिको अधिकार अन्त्य गर्ने, स्थानीय तहले हेरचाहको जिम्मा लिने वा हेरचाह गर्ने नातेदार वा हकवालालाई सम्पत्ति हस्तान्तरणको व्यवस्था विधेयकले गरेको छ। स्थानीय तहले हेरचाह गरेको अवस्थामा सम्पत्ति स्वामित्व स्थानीय सरकार मातहतमा समेत जान सकिने व्यवस्था गरेको छ। हकवाला नातेदारले हेरचाह नगरेमा नागरिकको संरक्षणको दायित्व स्थानीय तहलाई दिने व्यवस्था मिलाउन लागेको छ।

सन्तानको पालनपोषणलाई बाध्यकारी दायित्व बनाउनु चुनौतीपूर्ण छ। ज्येष्ठ नागरिकका सबै विषयलाई समान रूपमा सम्बोधन गरिनुपर्छ। आधारभूत स्वास्थ्य र पोषणको उचित व्यवस्था हुनुपर्छ। ज्येष्ठ नागरिकको संख्या तीव्र रूपमा बढ्दै छ। तर, सोही अनुसार सेवासुविधाहरू पर्याप्त छैनन्। उहाँहरूको ज्ञान र सीपलाई समाजमा उपयोग गरिएन। अनुभवलाई पूर्वाधार निर्माणमा लगाउन नसक्नु अर्को समस्या हो। ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहार अन्त्य गर्नुपर्छ। उनीहरूको आर्थिक र सामाजिक अधिकार संरक्षण गर्नु आवश्यक छ। दिवा सेवा केन्द्र र क्लबहरू उचित मात्रामा छैनन्। औषधोपचारसहितको आरोग्य आश्रम निर्माण गर्न बाँकी नै छ। यस्ता भौतिक संरचनाहरूको अभाव नै मुख्य चुनौती हो।

खासमा संविधानले नै ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सुनिश्चित गर्दछ। उनीहरूको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई छ। उसो त ज्ञान र सीप उपयोग गर्ने वातावरण बन्दै पनि छ। सरकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि छ। तर, व्यवहारमा यसको पूर्ण पालना भएको छैन। रेखदेख र स्वास्थ्य सेवा अत्यन्त संवेदनशील विषय हुन्। विकासशील देशमा स्याहार र स्वास्थ्य सेवा चुनौतीपूर्ण छ। देशमा अधिकांशको पारिवारिक र आर्थिक स्थिति निकै कमजोर छ। स्वास्थ्य सेवाप्रति मानिसहरूमा सजगताको ठुलो कमी छ। साधन र विज्ञताको अभावले समस्या थपिएको छ। यी कारणले गर्दा धेरै कठिनाइ भोग्नुपरेको होभन्दा अत्युक्ति नहोला।

वृद्धावस्थामा बहिरोपन र आँखाको समस्या धेरै हुन्छ। दम र छातीसम्बन्धी रोगले पनि सताउने गर्छ। मधुमेह, अल्जाइमर र उच्च रक्तचाप मुख्य समस्या हुन्। मुटु रोग, क्षयरोग र डिप्रेसनले पनि दुःख दिन्छ। सन्तानहरू यस्ता विषयमा बढी संवेदनशील र क्रियाशील हुनुपर्छ। स्थानीय सरकारको भूमिका झन् महत्वपूर्ण रहन्छ। परिवार र राज्यले दुर्व्यवहार रोक्नु आवश्यक छ। परिवारले उचित माया र समय दिनुपर्छ। आफ्ना अग्रजलाई सधैं देवतुल्य मान्नुपर्छ। त्यसैले पनि 'मातृ देवो भवः' जस्ता आदर्श पालना गरौं।

सरकारले समयमै वृद्धभत्ता वितरण गर्नुपर्छ। वितरण प्रक्रिया सहज र सरल हुनुपर्छ। स्वास्थ्य सेवाको सहुलियत प्रभावकारी रूपमा कार्यान्वयन होस्। बेसहारालाई विशेष भत्ता र लालनपालनको व्यवस्था गरौं। यातायात र स्वास्थ्य सेवा निःशुल्क हुनुपर्छ। स्वास्थ्य बिमाको सुविधा पनि निःशुल्क उपलब्ध गराऔं। खानपान र उपचारमा परिवारले ध्यान दिनुपर्छ। सबै सुविधा बिना भेदभाव प्राप्त हुनुपर्छ। सकेसम्म घरमै वृद्धभत्ता पुऱ्याउने व्यवस्था गरौं। परिवारलाई स्याहारसम्बन्धी विशेष प्रशिक्षण दिनु आवश्यक छ।

सञ्चारमाध्यमबाट स्याहारसम्बन्धी जनचेतना फैलाउनु पनि उत्तिकै आवश्यक छ। परम्परागत उपचार पद्धतिको उचित उपयोग गरौं। स्वास्थ्यकर्मीलाई स्याहारसम्बन्धी विशेष तालिम दिनुपर्छ। सरकारले घरवरपरको भौतिक वातावरण सुरक्षित बनाउनुपर्छ। वृद्धाश्रमका जनशक्तिलाई आधुनिक पद्धतिबारे प्रशिक्षित गर्नुपर्छ। व्यवहारलाई पूर्ण रूपमा वृद्धमैत्री तुल्याउनुपर्छ। गैरसरकारी संस्थाहरूलाई सेवामा प्रोत्साहित आवश्यक छ। मानसिक स्वास्थ्यका लागि ध्यान र सत्संग गराऔं। ज्येष्ठ नागरिकलाई आध्यात्मिक क्रियाकलापमा संलग्न गराउनुपर्छ। रुचिअनुसार योग र अभ्यासका विधिहरू अपनाऔं। शारीरिक रूपमा सक्रिय रहने बानीको विकास गरौं। क्षमताअनुसारका कार्यहरूमा उनीहरूलाई क्रियाशील बनाउनु जरुरी छ।

यसैगरी, एकल महिला ज्येष्ठ नागरिकलाई विशेष परामर्श दिऔं। नीति निर्माणमा उहाँहरूको सीप उपयोग गरौं। स्रोत र साधनमा उनीहरूको पहुँच सुनिश्चित गरौं। ज्येष्ठ नागरिक मैत्री पालिका बनाउन कार्ययोजना चाहिन्छ। मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। चाँगुनारायण र सूर्यविनायक नगरपालिकाले राम्रो थालनी गरे। यो कार्य देशभरिका स्थानीय निकायले गर्नुपर्छ। अतः ज्येष्ठ नागरिकको उमेरलाई गणितीय हिसाबले मात्र लेखाजोखा गर्नु हुँदैन। आमाको पेटमा गर्भाधानदेखि बाल्यकाल, युवाकाल, वयस्क हुँदै वृद्धत्व उमेरमात्र छैन, बहुसंख्यक क्षमता र अनुभवको सँगालो भरिएको हुन्छ। जन्मदेखि मृत्युसम्म सबैको यही बाटो हो भनी मनन् गर्ने हो भने आमा बा (ज्येष्ठ नागरिक)ले प्रताडित हुनु अपहेलित र अपमानित जीवन बिताउनुपर्ने अवस्था आउने छैन। यसरी, गुणस्तरीय जीवन बिताउन सक्षम हुनुहुनेछ। अपूबाट

# किन स्वास्थ्य बिमा 'बन्द' हुने अवस्थामा

काठमाडौँ ।स्वास्थ्य सेवाको प्राथमिकतामा परेको प्रमुख कार्यक्रम भए पनि स्वास्थ्य बिमा समस्या नै समस्यामा पर्दै गएको छ।

२०७२ चैतमा सुरुमा कैलाली,बाग्लुङ र इलामबाट सुरु भएको यो कार्यक्रम अहिले देशको सबै जिल्लामा बिस्तार भइसकेको छ। जसरी बिमा विस्तार भयो त्यसको तुलनामा यसको सेवा गुणस्तर र सहज नहुँदा सुरुवात भएको १० वर्षमा नै स्वास्थ्य बिमा 'कोल्याप्स' हुने अवस्थामा पुगेको छ।

विशेषगरी सेवा प्रदायिक स्वास्थ्य संस्थाहरुले पछिल्ला वर्षहरुमा बिमामार्फतको सेवा नै रोक्ने गरेका छन। यसले गर्दा बिमामार्फतको सम्झौता एकपक्षीय रुपमा उल्लंघन भइरहेको छ।

केही वर्ष अघिसम्म बिमाको सेवा रोक्ने स्वास्थ्य संस्थाहरुले डिलिस्टिङ गरी कारबाही गर्ने गरे पनि अहिले भने बोर्डले फकाएरै बिमामार्फतको सेवा नरोक्न अनुयविनय गर्दै हिँड्नुपर्ने अवस्था छ।

यसले स्वास्थ्य बिमा बोर्ड निकै बिमा सञ्चालनको लागि निकै दवावमा पर्ने गरेको छ। सामाजिक सुरुक्षा कार्यक्रममार्फत स्थापना भएको स्वास्थ्य बिमा बोर्ड एउटा स्वायत्त संस्था भए पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सधै दवावमा राख्ने गर्छ। यसको नीति निर्माण, नियुक्ति वा आर्थिक स्रोत जुटाउने बिषयमा स्वास्थ्य मन्त्रालयले बिमा बोर्डले कुनै पनि तत्कालीन र दीर्घकालीन निर्णय लिन सक्दैन।

हरेक सरकारको प्राथामिकतामा पर्ने स्वास्थ्य बिमा किन त फेल हुँदै गएको छ। यसै बिचमा बरिष्ठ जनस्वास्थ्य विज्ञ समेत रहेकी स्वास्थ्य तथा जनसंख्या मन्त्री डा सुधा शर्माले स्वास्थ्य बिमा असफल हुँदै जानुका केही प्रमुख कारणहरु देखाएकी छन।

बिमाको हालको प्रमुख समस्याको रुपमा

- कानूनमा व्यवस्था भए बमोजिम संगठित क्षेत्रलाई बीमामा आवद्ध गराउन नसक्नु,
- स्वास्थ्य बीमा बोर्डको आन्तरिक क्षमता
- स्वास्थ्य बीमा बोर्डको व्यवस्थापकीय समस्या
-स्रोतको कमी : वित्तीय असन्तुलन (प्रिमियम संकलनको तुलनामा दाबी दायित्व अत्यधिक हुनु )
- समयमै दाबी भुक्तानी नहुनु,
- स्वास्थ्य जोखिम उच्च भएका व्यक्तिहरुको अधिक
-अनावश्यक सेवा उपभोग
- बिमा मार्फतको सेवा दर महँगो हुनु,
-महँगो औषधि दर,
-दावी व्यवस्थापनमा कमजोरी हुनु जसले गर्दा सेवा प्रादायिक स्वास्थ्य संस्थाहरुले बिमाको प्याकेजमा भएको दाबीलाई दुरुपयोग गर्ने लगायतका विषयहरुले अहिले बिमा कार्यक्रम सफलभन्दा असफलताको बाटोतर्फ गइरहेको स्वास्थ्यमन्त्री डा शर्माले उल्लेख गरेकी छन।

बिमाको दिगोपना र प्रभावकारी सेवाको लागि तत्काल के गर्ने त?

समस्या मात्रै होइन स्वास्थ्य मन्त्री शर्माले बिमा मार्फतको सेवा सुधार्न र बिमा कार्यक्रमलाई जोगाउनको लागि तत्काल गर्नु पर्ने केही नितिगत बिषयहरु समेत अघि सारेकी छन्।

जसमा सूर्तीजन्य प्रदार्थमा सरकारले उठाउदै आएको करबापतको रकम बिमामा ल्याउनु पर्ने बताएकी छन। जसले गर्दा हाल बिमामा देखिएको वित्तीय अभावलाई केहीहद सम्म कम गर्ने उनको भनाइ छ।

विशेषगरी बिमामा हुँदै आएको प्रिमियम संकलन र अस्पतालहरूको शोधभर्ना बीचको खाडल कम गरी स्वास्थ्य बीमा कोषको दिगोपनका लागि स्रोतको सुनिश्चितता गर्नुपर्ने विद्यमान अवस्थालाई मध्येनजर गरी सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) नियमावली, २०६८ को नियम १८ को व्यवस्था बमोजिम वार्षिक संकलन हुने अन्तःशुल्कको कम्तीमा २५ प्रतिशत रकम अनिवार्य रूपमा स्वास्थ्य कर कोषमा उपलब्ध गराउने र सुर्तीजन्य पदार्थमा स्वास्थ्य जोखिम कर वृद्धि गर्ने तथा मदिरा, चिनीयुक्त गुलियो पेय पदार्थ र स्वास्थ्यलाई प्रतिकूल असर पुऱ्याउने अन्य 'जंक फुड' हरूमा निश्चित 'स्वास्थ्य जोखिम कर' लगाई सो बापत संकलन हुने रकम स्वास्थ्य बीमा कोषमा जम्मा गरेमा बीमा कोषको स्रोत सुनिश्चित गर्नु पर्ने समेत मन्त्री शर्माले उल्लेख गरेकी छन। जसका लागि आफूले काम गरिरहेको बताएकी छन।

त्यसो त आर्थिक वर्ष २०८१।०८२ को स्वास्थ्य बीमा कार्यक्रमको दावी भुक्तानी विवरण हेर्दा, प्रदेश तहका प्रतिष्ठान तथा प्रादेशिक अस्पतालहरूले कुल भुक्तानीको २३ प्रतिशत र स्थानीय तह अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र र आधारभूत अस्पतालहरुमा कुल भुक्तानीको २२ प्रतिशत भुक्तानी भएको देखिएको छ।

मन्त्री शर्माले स्वास्थ्य बिमामा तीनै तहका सरकारको लगानी आवश्यक रहेको समेत उल्लेख गरेकी छन्। जसमा उनले स्वास्थ्य बीमा ऐन २०७४ को दफा २७ उपदफा (२) खण्ड (क) बमोजिम संघ, प्रदेश तथा स्थानीय तहबाट बीमा कोषमा योगदान हुने दायित्व स्पष्ट गरी स्वास्थ्य बीमा कोषमा रकम जम्मा गर्न अर्थ मन्त्रालयमा समन्वय भइरहेको उल्लेख गरेकी छन्।

स्वास्थ्य बिमा नियमावली २०७५ को नियम १५ को अनुसूची १ मा उल्लेखित प्रावधान बमोजिम संगठित क्षेत्र (राष्ट्र सेवक कर्मचारी, शिक्षक, प्रहरी, सेना, प्रतिष्ठान/औपचारिक क्षेत्रका कर्मचारी) लाई स्वास्थ्य बीमामा अनिवार्य आबद्धता गराउनुपर्ने उनको भनाइ छ। यसले बिमाको प्रिमियम पनि बढ्ने र अर्को तर्फ बिमाको विश्वास झनै बढ्ने उनको भनाइ छ।

यसका साथै बीमा बोर्डले तयार पारेको सुविधा थैली मा विशेषज्ञ तथा विशिष्टकृत सेवा र जटिल रोगको उपचारलाई प्राथमिकता दिँदै एउटै प्रकृतिका दोहोरो सेवा हटाई सूची परिमार्जन गर्ने, बहिरंग तथा अन्तरंग सेवाका लागि छुट्टाछुट्टै खर्च सीमा निर्धारण गर्ने, निजी अस्पतालबाट उपलब्ध हुने विशिष्टीकृत तथा आपत्कालीन सेवाको स्पष्ट सूची र रिफरल मापदण्ड तयार गरी कडाइका साथ लागू गर्नु पर्ने, हाल कायम रहेको सह-भुक्तानी दर पुनरावलोकन गर्नु पर्ने, अस्पतालको सेवा शुल्क र औषधिको शुल्क र बीमाको दरमध्ये जुन कम हुन्छ सोही दर लागु गर्नुपर्ने स्वास्थ्यमन्त्रीको भनाइ छ।

यी विषयलाई बेलैमा समाधान गरेर जान नसकिएन भने बिमा कार्यक्रम अब धेरै समय नटिक्ने भएकाले आफ्नो कार्यकालमा बिमाको दोगोपना र प्रभावकारी सेवाको लागि गर्नुपर्ने नीतिगत निर्णयको लागि काम गरिरहेको समेत स्वास्थ्यमन्त्री शर्माले बताएकी छन्।

# बैंकिङ प्रणालीमा ९ खर्ब रुपैयाँ थुप्रियो

काठमाण्डौ । बैंक तथा वित्तीय क्षेत्रमा अधिक तरलताको समस्या बढ्दै गएको छ । नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलका अनुसार बैंकिङ प्रणालीमा लगानी गर्न सकिने झन्डै ९ खर्ब रुपैयाँ थुप्रिएको छ ।

ब्याजदर न्यून भए पनि कर्जाको मागमा अपेक्षित सुधार नआएकाले यो चुनौती सिर्जना भएको हो । बढ्दो जोखिमका कारण बैंकहरूले लगानीमा कडाइ गर्दा र बजारमा कर्जाको माग नभएकाले निक्षेप थुप्रिएको हो । पछिल्लो समयमा रेमिट्यान्स प्रवाहमा सुधार आएकाले पनि निक्षेप थपिने क्रम जारी छ ।



प्रवक्ता पौडेलका अनुसार केन्द्रीय बैंकले २ दशमलव ६४ प्रतिशत ब्याजदरमै ९ खर्ब रुपैयाँ खिचेको छ ।

राजनीतिक अस्थिरता र लगानीयोग्य वातावरणको अभावका कारण कर्जाको माग बढ्न नसकेको हो । सरकारले नवयुवा आन्दोलनपछि निजी क्षेत्रमैत्री हुने गरी विभिन्न निर्णयसहित कार्यक्रम अघि सारे पनि सुधार देखिएको छैन ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागका पूर्वप्रमुख डा. रेशम थापाले अधिक तरलताले मुद्रास्फीति बढ्ने र अर्थतन्त्रमा नकारात्मक असर पार्ने बताएका छन् ।

# १६ वटा नागरिक संघ-संस्थाको संयुक्त सुझाव

काठमाण्डौ । नागरिक समाजका सङ्घ-संस्थाहरूले संसद् र प्रदेशसभामा सदस्य सङ्ख्या घटाउने गरी घोषणापत्र तयार गर्न राजनितिक दलहरूलाई सुझाव दिएका छन् ।

गैरसरकारी संस्था महासंघ, नेपाल पत्रकार महासंघ लगायत १६ वटा नागरिक संघ-संस्थाले पत्रकार सम्मेलन गरी दलहरूले घोषणापत्रमा समेट्नुपर्ने विषयहरू समेटेको नागरिक अपिल पत्र २०८२ सार्वजनिक गरेका हुन् ।

१३ बुँदे अपिल पत्रमा संविधानप्रदत मौलिक हकको कार्यान्वयनमा जोड दिइएको छ । गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष अर्जुन भट्टराईका अनुसार २०७२ सालमा जारी संविधानले प्रत्याभूत गरेका मौलिक हक अझैसम्म कार्यान्वयन हुन सकेका छैनन् ।

अपिल पत्रमा आधारभूत शिक्षा र स्वास्थ्यलाई राज्यले आफ्नो प्रत्यक्ष दायित्वका रूपमा लिनुपर्ने र निःशुल्क तथा अनिवार्य रूपमा सुनिश्चित गर्न सुझाइएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र मौलिक हकको आधार यथावत् राख्दै अन्य कमजोरीको विषयमा संविधान संशोधन गर्न पनि सुझाव दिइएको छ । प्रतिनिधिसभा र प्रदेशसभामा प्रतिनिधिको संख्या कटौती गर्ने, प्रदेश र पालिकालाई थप बलियो बनाउने र जिल्ला समन्वय समितिको औचित्य पुनरावलोकन गर्न पनि संघ-संस्थाको अपिल छ ।

यसैगरी अभिव्यक्ति स्वतन्त्रतामाथि हुने दमन अन्त्य गर्न, न्यायमा सुलभ पहुँच सुनिश्चित गर्न र मानव अधिकार संरक्षणका लागि विशेष नीति तथा बजेट लागू गर्न राजनीतिक दलहरूलाई अपिल गरिएको छ ।

नागरिक संघ-संस्थाहरूले राजनीतिक दलहरूले ल्याउने घोषणापत्रमा नागरिकको जीवन र भविष्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई स्पष्ट र प्रतिबद्धतामूलक

# विमान दुर्घटनामा महाराष्ट्रका उपमुख्यमन्त्री पवारको निधन

एजेन्सी ।विमान दुर्घटनामा भारतको महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको निधन भएको छ । बुधवार बिहान बारामतीमा उनी चढेको निजी विमान दुर्घटना भएको थियो । दुर्घटनालगत्तै गम्भीर घाइते उनको निधन भएको भारतीय सञ्चारमाध्यम हिन्दुस्तान टाइम्सले जनाएको छ ।

यस्तै विमान दुर्घटनामा उपमुख्यमन्त्रीको सुरक्षामा खटिएका दुई जना सुरक्षाकर्मी र दुई जना पाइलटको पनि ज्यान गएको खबरमा उल्लेख छ । पवार जिल्ला परिषद् चुनावका लागि सभालाई सम्बोधन गर्न त्यसतर्फ जाँदै थिए । विमान मुम्बईबाट उडेको थियो । बीबीसी हिन्दीका अनुसार बारामती विमानस्थलमा अवतरणका क्रममा विमान दुर्घटनाग्रस्त भएको र आगो लागेको थियो ।

यसैबीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसहित अन्य नेताहरूले विमान दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन् ।

# बाहुनडाँगी जेसीजको पद हस्तान्तरण



झापा । झापाको बाहुनडाँगी जेसीजको वर्ष २०२६ का लागि अध्यक्षमा निकेशराज दाहाल निर्वाचित भएका छन् । बुधबार आयोजित विशेष समारोहमा वर्ष २०२५ का अध्यक्ष नित्यानन्द चम्लागाईले पद हस्तान्तरण गर्दै दाहाललाई औपचारिक रूपले नेतृत्व हस्तान्तरण गरेका हुन् ।

स्थानीय सामुदायिक भवनमा सम्पन्न पद हस्तान्तरण समारोहका प्रमुख अतिथि कोशी प्रदेश सांसद गोपाल तामाङ रहेका थिए । विशेष अतिथि मेचीनगरका पूर्व नगर प्रमुख विमल आचार्य थिए ।

कार्यक्रममा पूर्व अध्यक्षहरूका तर्फबाट वक्ताहरूले नयाँ नेतृत्वलाई शुभकामना दिँदै संस्थाको गतिविधि अझ प्रभावकारी बनाउने अपेक्षा व्यक्त गरेका थिए ।

जेसीजको कार्यकारिणी उपाध्यक्षहरूमा सन्देश पौडेल र विद्युत गिरी निर्वाचित भएका छन् । उपाध्यक्षहरूमा रोमनविक्रम कार्की, दुर्गा भण्डारी, सुरज देवकोटा र प्रतिमा रिजाल निर्वाचित भए । महासचिवमा न्यूटन कार्की र कोषाध्यक्षमा सुष्मा मिश्र चयन भए । कानुनी सल्लाहकारमा कौशल उप्रेती छानिए ।

कार्यक्रममा वर्ष २०२५ का उत्कृष्ट जेसीजको रूपमा रोशन गिरीलाई सम्मान गरिएको थियो ।

# बुहारीको विवाहेत्तर सम्बन्धले आमाछोराको हत्या

घटनामा बुहारीको विवाहेत्तर सम्बन्ध जोडिएको हुन सक्ने देखिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रमुख एसपी नरेन्द्र कुँवरका अनुसार, घटनामा संलग्न रहेको आरोपमा मृतक ४६ वर्षीया सुमित्रादेवी मण्डलकी बुहारी मनिता र धिरेन्द्र महतो धानुक नामक व्यक्ति पक्राउ परेका छन् । 'प्रारम्भिक जाँचमा यसमा विवाहेत्तर सम्बन्ध जोडिएको जस्तो देखिन्छ,' उनले भने ।

बुधबार बिहान राति सुमित्रादेवी मण्डल र उनका २४ वर्षीय छोरा रामेश्वर मण्डलको धारिलो हतियार प्रहार गरी हत्या भएको थियो । घटनाबारे थाहा पाएलगत्तै प्रहरीले अनुसन्धान थालेको थियो । त्यसक्रममा प्रहरीले वैदेशिक रोजगारीका लागि दुबई गएर ११ माघमा फर्किएका धिरेन्द्रबारे थाहा पाएको थियो ।

उनीहरुबीचको सम्बन्धबारे परिवारमा थाहा भएपछि खटपट सुरु भएको प्रहरी बताउँछ । त्यसपछि नै आमाछोराको हत्या भएको जस्तो देखिएको प्रहरीको भनाइ छ । 'त्यो सम्बन्धबारे सूचना पाउनेबित्तिकै धिरेन्द्रको खोजी गरेका थियौं, त्यसक्रममा उनी भागेर गइसकेको पाइयो,' एक अनुसन्धान अधिकृतले भने, 'प्राविधिक जाँच गरेर खोजी गर्दा उनी भारत पुगिसकेको पाइएको थियो ।'

तर बारा प्रहरीले सीमा क्षेत्रबाट उनलाई पक्राउ गरेर ल्याउन सफल भएको छ । उनले प्रारम्भिक सोधपुछमा कसुर स्वीकारेको प्रहरी दाबी छ । प्रहरीले हत्यामा प्रयोग भएको छुराको खोजी गरिरहेको छ ।

# बाहिरियो वर्षा गराउने प्रणाली

काठमाडौँ । मंगलबार साँझदेखि सक्रिय भएर देशका धेरै ठाउँमा वर्षा गराएको पश्चिमी न्यूनचापीय प्रणाली अहिले साँझदेखि बाहिरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले उक्त प्रणाली बाहिरिएको र पश्चिमी वायुको प्रभाव कायम रहेकाले कतैकतै उच्च पहाडी तथा हिमाली क्षेत्रमा सामान्य असर देखिने भए पनि भोलिदेखि मौसम खुल्ने बताए । उनले चिसो भने केही दिन रहनसक्ने बताउँदै अब अर्को प्रणाली नआएसम्मलाई मौसम खुल्ने जानकारी दिए ।



उक्त प्रणालीले बुधवार काठमाडौँ उपत्यकासहित देशका धेरै ठाउँमा वर्षा गराएको छ । विशेषगरी यो प्रणालीले मधेस र कोशी प्रदेशलाई सामान्यभन्दा छुन सकेन । उक्त प्रणलीले काठमाडौँमा २.२, ललितपुर ४.८ र भक्तपुरमा समाान ४.८ मिलिमिटर वर्षा गराएको छ । पछिल्लो २४ घण्टामा सबैभन्दा बढी सुर्खेतमा ४३ मिलिमिटर वर्षा भएको छ ।

रुकुमको शेरागाउँमा ३८ मिलिमिटर र जाजरकोटमा ३३ मिलिमिटर, बैतडीमा ३५.६, डडेलधुरामा ३३.२, बाजुरमा ३०.२, मनाङमा ३२.४ र डोल्पामा ३१ मिलिमिटर वर्षा भएको छ । नेपालको पश्चिम क्षेत्रका उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात पनि भएको छ । बागमती प्रदेशसहित पश्चिमका अधिकांश जिल्लामा बुधवार वर्षा भएको र ति जिल्लाका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात पनि गरायो ।

बुधवार राति देशको पहाडी र हिमाली भू-भागमा आंशिक बादल लाग्ने र बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना छ ।

बिहीबार तराई भू-भागका धेरै स्थानमा हुस्सु/कुहिरो रहने, कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागमा आंशिक बादल लाग्नेछ र बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहने विभागले जनाएको छ ।

कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको हुनसक्ने जनाइएको छ ।

## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ